धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily    राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ४२ ◆ २०८३ भदौ १२ गते शुक्रबार, Friday, August 28, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

## उद्धार तथा राहतमा जुट्न अध्यक्ष श्रेष्ठको अपिल

काठमाडौं । नेपाल उद्योग वाणिज्य महासङ्घले भोटेकोशी नदीमा आएको बाढीबाट भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै उद्धार तथा राहतका लागि सक्रिय हुन निजी क्षेत्रलाई अपिल गरेको छ ।

महासङ्घका अध्यक्ष अञ्जन श्रेष्ठले बिहीबार अपिल जारी गर्दै महासङ्घका जिल्ला तथा नगर उद्योग वाणिज्य सङ्घ, वस्तुगत सङ्घ तथा उद्योगी-व्यवसायीलाई स्थानीय प्रशासनसँग समन्वय गरी परिचालित हुन आग्रह गर्नुभएको छ । उहाँले सम्भव भएसम्म खाद्यान्न, पिउने पानी, औषधि, लत्ताकपडालगायत अत्यावश्यक राहत सामग्रीको व्यवस्थापन गरी प्रभावित परिवारसम्म पुर्‍याउन सबैलाई अनुरोध गर्नुभएको छ । विपद्को घडीमा निजी क्षेत्रले आफ्नो सामाजिक उत्तरदायित्वलाई उच्च प्राथमिकतामा राख्दै राज्यका प्रयासमा हातेमालो गर्न तयार रहेको स्पष्ट पारेको छ । अध्यक्ष श्रेष्ठले उद्योगी-व्यवसायीलाई उच्च सतर्कता अपनाउँदै संयमित, सुरक्षित र एकताबद्ध भएर विपद्को सामना गर्न तथा कठिन परिस्थितिमा एकअर्कालाई सहयोग गर्न आह्वान गर्नुभएको छ ।

## गृहमन्त्री गुरुङ नुवाकोटमा, राहत तथा उद्धारको स्थलगत निरीक्षण

काठमाडौं । गृहमन्त्री सुधन गुरुङ नुवाकोट पुग्नुभएको छ । उहाँ स्थलमार्ग हुँदै नुवाकोट पुग्नुभएको हो ।

गृहमन्त्री गुरुङले नुवाकोटस्थित नेपाली सेनाको नं १ सैन्य तालिम गणमा पुगेर विपद्को पछिल्लो अवस्था, राहत व्यवस्थापन तथा उद्धारकार्यको स्थलगत निरीक्षण गर्नुभएको उहाँको सचिवालयले जनाएको छ । उहाँले विपद् प्रभावित क्षेत्रमा आवश्यक मानवीय उद्धार तथा राहत कार्यलाई प्रभावकारी रूपमा अघि बढाउन सम्बन्धित सुरक्षा निकाय तथा उद्धार टोलीलाई निर्देशन दिनुभएको छ । यसअघि गृहमन्त्री गुरुङले काठमाडौँमै रहेर विपद् व्यवस्थापनसँग सम्बन्धित टोली तथा विभिन्न जिल्लाका सुरक्षा निकायबाट निरन्तर अवस्थाबारे जानकारी लिँदै आउनुभएको थियो । विपद् व्यवस्थापनको समग्र अवस्थालाई काठमाडौँस्थित संयन्त्रमार्फत सहज बनाउँदै उहाँ स्थलगत निरीक्षणका लागि नुवाकोट पुग्नुभएको हो ।

गुरुङ केही समय नुवाकोटमै रहेर विपद्को अवस्था, उद्धार तथा राहत व्यवस्थापनबारे जानकारी लिने तयारीमा हुनुहुन्छ ।

## परराष्ट्रमन्त्री खनाल र अमेरिकी उपविदेशमन्त्री हुकरबीच टेलिफोन वार्ता

काठमाडौं । परराष्ट्रमन्त्री शिशिर खनाल र अमेरिकी राजनीतिक मामिला उपविदेश मन्त्री एलिसन हुकरबीच टेलिफोन वार्ता भएको छ ।

वार्ताका क्रममा उपविदेशमन्त्री हुकरले बुधबार आएको विनासकारी बाढीबाट भएको जनधनको क्षतिप्रति अमेरिकी सरकारका तर्फबाट दुःख तथा समवेदना व्यक्त गर्नुभयो । उहाँले विपद्को यस कठिन समयमा नेपाललाई सहयोग गर्ने अमेरिकी सरकारको प्रतिबद्धता व्यक्त गर्दै नेपाली जनता र नेपाल सरकारप्रति ऐक्यबद्धता जनाउनुभयो । उपविदेशमन्त्री हुकरले बाढी प्रभावित नागरिकको खोज तथा उद्धारका लागि नेपाल सरकारले सञ्चालन गरिरहेको अभियानबारे जानकारी लिनुका साथै बेपत्ता अमेरिकी नागरिकको खोज तथा उद्धारको अवस्थाबारे पनि चासो राख्नुभयो । सो अवसरमा परराष्ट्रमन्त्री खनालले बाढी प्रभावित नागरिकको खोज, उद्धार तथा राहतका लागि सरकारले उपलब्ध सबै स्रोतसाधन परिचालन गरिरहेको छ । परराष्ट्रमन्त्री खनालले कठिन परिस्थितिमा नेपाललाई सहयोग गर्ने अमेरिकी सरकारको तत्परताप्रति धन्यवाद व्यक्त गर्नुभएको थियो ।

## नेटवर्किङको नाममा ठगी गर्ने आचार्य पक्राउ

काठमाडौं । नेटवर्किङ व्यवसाय सञ्चालन गरी सर्वसाधारणलाई ठगी गरेको अभियोगमा प्रहरीले एक महिलालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सुनसरीकी सङ्गीता आचार्य रहेकी छन् । उनलाई बिहीबार पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक दानबहादुर थापाले जानकारी दिनुभयो ।

प्रहरीका अनुसार आचार्यले काठमाडौँ महानगरपालिका-३१ ठूलो खरिबोटमा घर भाडामा लिई 'विजडम हब इन्टरनेसनल प्रालि' सञ्चालन गर्दै आएकी थिइन् ।

सो कम्पनीमार्फत स्याम्पु, साबुन, घिउकुमारीको सामान, हिमाली सिस्नु पाउडरलगायत विभिन्न वस्तु अत्यधिक मूल्यमा बिक्री गर्ने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ । त्यसैगरी, रोजगारीको आकर्षक अवसर र सुविधासहितको तलब उपलब्ध गराउने प्रलोभन देखाई सर्वसाधारणलाई अग्रिम रूपमा ठूलो रकम जम्मा गर्न लगाउने र नेटवर्क बनाई झुक्यानमा पारेर ठगी गर्ने गरेको प्रहरीको भनाइ छ ।

ठगीपछि फरार रहेकी आचार्यलाई खोजी गर्ने क्रममा पक्राउ गरिएको प्रहरीले जनाएको छ । पक्राउ परेकी आचार्यविरुद्ध ठगीसम्बन्धी कसुरमा अनुसन्धान अघि बढाइएको छ ।

उनलाई काठमाडौँ जिल्ला अदालतबाट बिहीबार पाँच दिनको म्याद थपको अनुमति लिई जिल्ला प्रहरी परिसर काठमाडौँले थप अनुसन्धान गरिरहेको प्रवक्ता थापाले बताउनुभयो ।

# राज्यका सबै संयन्त्र निरन्तर मैदानमा रहनेछन् : प्रधानमन्त्री

❑ *राजकुमार पराजुली*

काठमाडौं । प्रधानमन्त्री बालेन्द्र शाहले सरकारले सम्पूर्ण ध्यान नागरिकको जीवनरक्षा, बेपत्ताको खोजी तथा उद्धार, घाइतेको उपचार, प्रभावित परिवारलाई तत्काल राहत र सुरक्षित बसोबास तथा क्षतिग्रस्त अत्यावश्यक पूर्वाधारको शीघ्र पुनःस्थापनामा केन्द्रित गरेको बताउनुभएको छ ।

बिहीबार सामाजिक सञ्जालमार्फत प्रधानमन्त्री शाहले सबै तहका सरकारी संयन्त्रलाई पूर्ण क्षमतामा परिचालन गरिएको उल्लेख गर्दै उद्धार तथा राहत कार्यका लागि आवश्यक स्रोत र साधनको कुनै कमी हुन नदिने उल्लेख गर्नुभएको छ । "हामी अहिले पनि काममै छौँ । यो सङ्कटको घडीमा सरकार प्रभावित नागरिकसँगै छ । उद्धार र राहत कार्य पूरा नभएसम्म राज्यका सबै संयन्त्र निरन्तर मैदानमा रहनेछन् ", उहाँले भन्नुभएको छ ।

उहाँले बिहीबार आफू नुवाकोट पुगेर बाढीपहिरो प्रभावित क्षेत्रको अवस्था स्वयं अवलोकन गरी काठमाडौं फर्किएको उल्लेख गर्दै प्रभावित नागरिक, स्थानीय जनप्रतिनिधि, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी तथा उद्धार र राहतमा खटिनुभएका सबैसँग प्रत्यक्ष रूपमा जानकारी लिएको बताउनुभयो । "अवस्था अझै चुनौतीपूर्ण छ । राज्यका सबै संयन्त्र पूर्ण क्षमतामा परिचालित छन् । अहिले हाम्रो पहिलो प्राथमिकता एक-एक नागरिकको जीवनरक्षा, बेपत्ताको खोजी तथा उद्धार, घाइतेको उपचार र प्रभावित परिवारलाई तत्काल राहत पुऱ्याउनु हो", उहाँले भन्नुभएको छ ।

सरकारले खोजी तथा उद्धार कार्यलाई उच्च प्राथमिकता दिँदै नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका कूल १३ हजार २९५ सुरक्षाकर्मी परिचालन गरिएको, यसमा नेपाल प्रहरीका सात हजार २५०, नेपाली सेनाका चार हजार २०० र सशस्त्र प्रहरी बलका एक हजार ८४५ जना रहेको प्रधानमन्त्रीले बाउनुभएको छ । साथै उहाँले नेपाली सेनाको संयुक्त सञ्चालन समिति, राष्ट्रिय विपद् न्यूनीकरण र जोखिम व्यवस्थापन प्राधिकरणको 'क्विक एक्सन टिम' तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको 'र्‍यापिड एक्सन टिम'मार्फत निरन्तर समन्वय र अनुगमन भइरहेको पनि उल्लेख गर्नुभएको छ ।

"हवाई तथा स्थलमार्गबाट उद्धार कार्य निरन्तर भइरहेको छ । आज ६९ वटा हवाई उडान सञ्चालन गरी ३५१ जनाको उद्धार गरिएको छ । थप हेलिकप्टरहरू तयारी अवस्थामा राखिएका छन्", प्रधानमन्त्रीले भन्नुभएको छ, "निजी हेलिकप्टरलाई समेत सरकारी कमाण्ड तथा कोअर्डिनेसन प्रणालीअन्तर्गत उद्धार र राहतमा परिचालन गरिएको छ । हवाई उद्धारमा बिरामी, गर्भवती तथा सुत्केरी महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिइएको छ ।"

त्यस्तै, उहाँले भन्नुभएको छ, "रसुवा, नुवाकोट र धादिङलगायतका प्रभावित क्षेत्रमा फसेका नागरिक तथा सुरक्षाकर्मीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्य जारी छ । करिब तीन हजार ५०० जनालाई तत्काल बसोबास गराउन विद्यालय तथा सार्वजनिक/सामुदायिक भवनमा (बाँकी पृष्ठ ३ मा)

# त्रिशूली हाइड्रोपावरको सुरुङमा फसेका ३५० सहित ८८३ जनाको उद्धार

❑ *प्रत्यूष समाचारदाता*



काठमाडौं । रसुवाको भोटेकोशी नदीमा आएको विनासकारी बाढीपछि अप्पर त्रिशूली हाइड्रोपावरको सुरुङभित्र फसेका ३५० मजदुर तथा स्थानीयलाई नेपाली सेनाले उद्धार गरेको छ । प्रतिकूल मौसम र बाढीको तीव्र बहावका बीच अत्यन्तै जोखिमपूर्ण र चुनौतीपूर्ण परिस्थितिको सामना गर्दै नेपाली सेनाको उनीहरूलाई उद्धार गरेको जनाएको छ । सेनाले अझै पनि सोही टनेलमा फसेका १०० जनाभन्दा बढीलाई सुरक्षित बाहिर निकाल्न जुटेको स्पष्ट पारेको छ ।

सुरुङभित्रको जटिल र जोखिमपूर्ण उद्धार अभियानका लागि 'नम्बर १ सेकेन्ड मुभमेन्ट ट्याक्टिकल हेडक्वार्टर (त्रिशूली)' बाट जमदार भक्तजन बस्नेतको कमाण्डमा रहेको सैन्य टोली अहोरात्र खटिएको छ । यसैगरी, बाढीको उच्च जोखिममा परेका रसुवाका अन्य विकट भूगोलमा पुगेर सेनाले उद्धारलाई निरन्तरता दिएको छ । सिक्यूआरटी धुन्चे ब्यारेक (रसुवा) बाट सहसेनानी अभिषेक शाहीको कमाण्डमा खटिएको टोलीले स्याफ्रुबेंसी, टिमुरे, मैलुङ, ठूलो हाकु र हाकुबेँसीका विभिन्न स्थानबाट थप ५३३ जना नागरिकलाई सुरक्षित स्थानमा सारेको छ । उच्च साहस, तदारुकता र समर्पण प्रदर्शन गर्दै नेपाली सेनाले बिहीबार अबेरसम्म रसुवाका यी विभिन्न प्रभावित क्षेत्रबाट कुल ८८३ जना स्थानीय तथा मजदुरको उद्धार गरी ठूलो मानवीय क्षति हुनबाट जोगाएको नेपाली सेनाले जनाएको छ ।

## बाढीपछि बर्दियाका ९० जना सम्पर्कविहीन

बर्दिया । रसुवाको भोटेकोशी नदीमा गएको बाढीपछि बर्दियाका ९० जना सम्पर्कविहीन भएका छन् । त्यहाँस्थित जलविद्युत् आयोजना, कन्स्ट्रक्सन कम्पनीलगायतमा कार्यरत रहेका उनीहरु सम्पर्कविहीन भएका हुन् ।

बाढीबाट सम्पर्कविहीन हुनेहरुमा गुलरिया नगरपालिकाका दुई, बाँसगढी नगरपालिकाका १८, राजापुर नगरपालिकाका १६, बारबर्दिया नगरपालिकाका २५, ठाकुरबाबा नगरपालिकाका १३, मधुवन नगरपालिकाका एक, गेरुवा गाउँपालिकाका १४ तथा एक जना पालिका नखुलेका व्यक्ति बाढीपछि सम्पर्कविहीन भएका बर्दियाका प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमालले बताउनुभयो । सम्पर्कविहीन हुनेहरुमध्ये पावर चाइना हाइड्रोपावर, अपर त्रिशूली हाइड्रोपावर, त्रिशूली हाइड्रोपावर, रसुवागढी कन्स्ट्रक्सन कम्पनी, रसुवा सुरुङमार्गमा कामदारका रुपमा काम गर्न गएका व्यक्तिहरु रहेको जिल्ला प्रशासन कार्यालय बर्दियाका विपद् 'फोकल पर्सन' लोकप्रसाद ढकालले बताउनुभयो । ठाकुरबाबा नगरपालिका-२ का धनिराम थारु चाइना हाइड्रोपावरमा एक महिनाअगाडि काम गर्न गएका थिए । यही भदौ ९ गते राति ८:०० बजे परिवारसँग कुराकानी भएको र त्यसपछि सम्पर्क हुन नसकेको उहाँका ज्वाइँ रामबहादुर थारुले बताउनुभयो । उहाँसँगै ठाकुरबाबा-२ का एक र वडा नं ६ का एक जना गरी ३ जना हाइड्रोपावरमा काम गर्न गएको परिवारले जनाएको छ ।

यही भदौ ९ गते आमासँग कुराकानी भएको र बुधबार बाढीपछि सम्पर्क हुन नसकेको उहाँका भिनाजु सन्दीप थारुले जानकारी दिनुभयो । भोटेकोशी बाढीबाट सम्पर्कविहीन रहेका व्यक्तिको तथ्याङ्क सङ्कलन गर्दै खोज तथा उद्धारका लागि रसुवाका सुरक्षा निकायसँग समन्वय गरिरहेको प्रमुख जिल्ला अधिकारी हमालले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "बर्दियाबाट रसुवामा कति व्यक्ति काम गर्न गएका थिए, कुनै जानकारी छैन । सम्पर्कविहीन भएका व्यक्तिहरुको तथ्याङ्क लिने र खोज तथा उद्धारका लागि समन्वय गरिरहेका छौँ ।"

रसुवाको मैलुङमा बर्दियाका २०० जना सुरक्षित रहेको र उद्धारको पर्खाइमा रहेको बर्दिया क्षेत्र नं १ बाट प्रतिनिधित्व गर्ने सङ्घीय संसद् ठाकुरसिंह थारूमार्फत जानकारी आएको जिल्ला प्रशासन कार्यालयका विपद् फोकल पर्सन ढकालले जानकारी दिनुभयो । यस्तै, पावर चाइना हाइड्रोपावर कम्पनीमा काम गर्न गएका बर्दियाका करिब १५ जना आधारभूत विद्यालय उत्तरगया-१ मा सुरक्षित रहेको र उद्धारको प्रर्खाइमा रहेको गेरुवाका धनिराम दहितले जानकारी दिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

सम्पादकीय ....

## मनोसामाजिक असरबाट बच्नुपर्ने

विपतको भयावह दृश्य, आफन्त गुमाउनुको पीडा, घरबारविहीन हुनु, विद्यालय छुट्नु तथा असुरक्षित वातावरणका कारण बालबालिकामा डर, त्रास, चिन्ता र मनोसामाजिक समस्या देखिन सक्छ । त्यसैले उद्धारपछि शारीरिक सुरक्षा मात्र होइन, मनोसामाजिक सहयोग, सुरक्षित खेल तथा सिकाइको वातावरण, बालमैत्री गतिविधि र आवश्यक परे विशेषज्ञ परामर्शको व्यवस्था गर्नु पर्छ । विपत् व्यवस्थापनका हरेक चरणमा बालमैत्री दृष्टिकोण आवश्यक छ । राहत शिविरमा बालबालिका तथा महिलाका लागि सुरक्षित र व्यवस्थित स्थानको व्यवस्था गर्ने । शिविर, शौचालय तथा पानीका धारामा पर्याप्त प्रकाश र सुरक्षा सुनिश्चित गर्ने । बालमैत्री तथा गोपनीयता कायम हुने शौचालयको व्यवस्था गर्ने । खाद्यान्नसँगै डिग्निटी किटमा प्याड, साबुन, अन्डरगार्मेन्ट तथा सरसफाइ सामग्री उपलब्ध गराउने । बालबालिकाका लागि सुरक्षित खेल, सिकाइ र मनोसामाजिक सहयोगको व्यवस्था गर्ने । परिवारबाट छुट्टिएका वा हराएका बालबालिकाको तत्काल पहिचान गर्ने । बाल सुरक्षा तथा परिवार खोज र पुनर्मिलन प्रणाली प्रभावकारी बनाउने ।

जोखिमको अवस्था मूल्याङ्कन गरी अशक्त, एक्लै बस्ने, हिँडडुल गर्न कठिनाइ भएका तथा स्वास्थ्य जोखिममा रहेका बालबालिका र ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकतामा राख्नु पर्छ । पूर्वसूचना प्रणाली पनि ज्येष्ठ नागरिकमैत्री हुनु पर्छ । केवल मोबाइल सन्देश वा इन्टरनेटमा निर्भर नभई साइरन, स्थानीय सञ्चार, टोलस्तरीय सूचना, स्वयंसेवक तथा प्रत्यक्ष सम्पर्कमार्फत सूचना पुर्‍याउने व्यवस्था आवश्यक छ । धेरै ज्येष्ठ नागरिक नियमित औषधी सेवनमा निर्भर हुन्छन् ।

विपत्को समयमा औषधी हराउनु, स्वास्थ्य संस्था बन्द हुनु वा नियमित उपचार अवरुद्ध हुनु, गम्भीर स्वास्थ्य जोखिम बन्न सक्छ । विपत् पूर्वतयारीमै नियमित औषधीको विवरण, स्वास्थ्य अवस्थाको अभिलेख तथा आवश्यक स्वास्थ्यसेवाको निरन्तरता सुनिश्चित गर्ने प्रणाली विकास गर्नु पर्छ ।

राहत तथा स्वास्थ्य टोलीले रक्तचाप, मधुमेह, श्वासप्रश्वास, मुटुसम्बन्धी समस्या तथा अन्य दीर्घकालीन स्वास्थ्य आवश्यकतालाई ध्यानमा राख्नु पर्छ । उमेर, पाचन प्रणाली वा अन्य स्वास्थ्य अवस्थाका कारण उनीहरूलाई नरम, सुपाच्य तथा आवश्यकता अनुसारको खाना आवश्यक हुन सक्छ । त्यसै गरी चिसो, ओसिलो, भिडभाडयुक्त वा असुरक्षित वातावरणले स्वास्थ्य समस्या बढाउन सक्छ ।

विपत् व्यवस्थापनमा प्रायः सबैलाई प्राथमिकता दिइन्छ । यस क्रममा बालबालिका, अशक्त एवं ज्येष्ठ नागरिक भावनात्मक रूपमा उपेक्षित महसुस गर्न सक्छन् । घर, सम्पत्ति, आफन्त वा परिचित वातावरण गुमाउनु उनीहरूका लागि गहिरो मानसिक पीडाको विषय हुन सक्छ । त्यसैले यस्ता व्यक्तिसँग संवाद गर्ने, उनीहरूको कुरा सुन्ने, परिवारसँग पुनर्मिलन गराउने तथा आवश्यक मनोसामाजिक सहयोग उपलब्ध गराउने व्यवस्था हुनु पर्छ ।


### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com


# हर्नामाडीको गुम्बाडाँडा बन्यो मूर्तिकलाको खुला सङ्ग्रहालय

वासुदेव पौडेल
वसन्त भण्डारी

हेटौँडा उपमहानगरपालिका-१८ हर्नामाडीस्थित गुम्बाडाँडामा पुग्दा बन र खुला चौरबीच विशाल ढुङ्गाका अनेक आकृति देखिन्छन् । मकवानपुरको राप्ती र सुकौरा खोलाका ढुङ्गामा सात देशका २३ मूर्तिकारले कुँदेका मूर्तिले कतै मातृत्वको अनुभूति दर्शाएका छन् छ कतै सपना र आशा । त्यस्तै कुनै मूर्तिले प्रकृति र मानव जीवनको सम्बन्ध बोलेका छन् भने कुनैले बदलिँदो मानव सभ्यताको कथा भनिरहेका छन् । ती कलाकृति कुनै बन्द भवनका भित्ताभित्र सजाइएका होइनन्, खुला आकाशमुनि रुख, घाँस र डाँडाको प्राकृतिक परिवेशसँगै उभिएका छन्, जसले यो स्थान मूर्तिकलाको खुला सङ्ग्रहालयजस्तै बनेको छ ।

सात देशका २३ मूर्तिकारका श्रम र सीप पोखिएका प्रस्तर मूर्तिले गुम्बाडाँडालाई सामान्य उद्यानभन्दा फरक पहिचान दिएका छन् । आज खुला मूर्तिकला सङ्ग्रहालयका रूपमा चिनिन थालेको यो ठाउँको कथा भने चार-पाँचवटा ठूला ढुङ्गामा मूर्ति बनाउने सामान्य प्रस्तावबाट सुरु भएको थियो । मूर्तिकार तथा गुम्बाडाँडा मूर्तिकला क्षेत्रका सल्लाहकार लक्ष्मण भुजेललाई स्थानीयस्तरमा सम्मान गर्न यही डाँडामा लगिएको थियो । खुला चौर र वरपरको प्राकृतिक वातावरण देखेपछि उहाँले स्थानीयसँग केही ठूला ढुङ्गा जुटाउनसके साथीहरू बोलाएर चार-पाँचवटा विशाल मूर्ति बनाएर पार्कमा राख्न सकिने प्रस्ताव गर्नुभयो ।

"सुरुआतको कुरा त्यही थियो, पछि छलफल बढ्दै जाँदा अन्तर्राष्ट्रिय रूपमा मूर्तिकला कार्यशाला आयोजना गरेर इतिहास रच्ने तहसम्म पुग्यौँ", उहाँले सम्झनुभयो ।

स्थानीय समुदाय, विभिन्न सङ्घसंस्था र सरकारी निकाय जोडिँदै गए । नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान र कलाकारको सहभागितापछि योजनाले अन्तर्राष्ट्रिय स्वरूप पायो । विसं २०६९ मा प्रथम अन्तर्राष्ट्रिय मूर्तिकला कार्यशाला सञ्चालन भयो । कार्यशालामा नेपालका १८ र विदेशका पाँच गरी २३ मूर्तिकार सहभागी भए । कलाकारलाई एउटै विषयमा बाँधिएको थिएन । आफ्नो अनुभव, संस्कृति, शैली र अवधारणाअनुसार ढुङ्गालाई आकार दिने स्वतन्त्रता थियो । भुजेलका अनुसार विषय खुला राख्दा सिर्जनामा विविधता आयो । कसैले अमूर्त शैली रोजे, कसैले यथार्थपरक आकृति बनाए भने कसैले प्रतीकमार्फत विचार व्यक्त गरे ।

मूर्तिका लागि विशाल ढुङ्गा जुटाउनु आफैँमा चुनौती थियो । आयोजक टोली मुटनी खोला, राप्ती क्षेत्रलगायत ठाउँसम्म ढुङ्गा खोज्दै पुगेको जानकारी दिँदै भुजेलले ठूला प्राकृतिक ढुङ्गा राप्तीबाट ल्याइयो भने शिवम् सिमेन्टले उपलब्ध गराएका काटिएका ११ वटा ढुङ्गाका ब्लक पनि प्रयोग गरिए । त्यस समयमा कार्यशालाका दिन पनि सहज नहरेको बताउँदै भुजेलले पर्याप्त विद्युत् नहुँदा जेनेरेटर चलाएर रातिसम्म काम गर्नुपरेको स्मरण गर्नुभयो ।

विदेशी कलाकारको बसोबास र खानपानको व्यवस्थापनदेखि आर्थिक स्रोत, उपकरण र विद्युत् जुटाउन चुनौती भए पनि स्थानीय समुदायको उत्साहले कार्यक्रम पूरा गर्न बल दिएको उहाँको अनुभव छ । विदेशी कलाकारले नेपाली कलाकारसँगै यहाँ काम गरे । उनीहरूका सिर्जनासँगै नेपाली कलाकारका 'जीवनचक्र', 'स्वप्न', 'उत्सुकता', 'शान्तिभूमि नेपाल', 'समुद्र मन्थन' र 'सुनौलो भविष्यको आशा'लगायत कृति यहाँ छन् । इटालीका मूर्तिकार बेटिनो फ्रान्सिनीको 'विश्वकै पहिलो आमा' पनि यहाँका आकर्षक कृतिमध्ये एक हो । प्राकृतिक ढुङ्गाको मूल स्वरूप धेरै नबिगारी मानव आकृति दिइएको उक्त सिर्जनामा नेपाली महिलाले लगाउने नाकको गहनासमेत झल्किन्छ ।

मूर्तिकार तथा ललितकला क्याम्पसका प्राध्यापक ओम खत्री गुम्बाडाँडाको मुख्य विशेषता प्रकृति र कलाको सङ्गमलाई मान्नुहुन्छ । परम्परागत रूपमा मन्दिर, भवन वा निश्चित संरचनासँग जोडिएको मूर्तिकलालाई प्राकृतिक वातावरणमै सार्वजनिक रूपमा हेर्न सकिने अभ्यासले नयाँ सम्भावना खोलेको उहाँको भनाइ छ । "प्रकृतिको आफ्नै रचना हुन्छ, अर्को मानवले सिर्जना गरेको कलाकृति हुन्छ, यहाँ यी दुईको सङ्गम भएको छ", उहाँले भन्नुभयो ।

खत्रीका अनुसार यो प्रतियोगिता नभई कलाकारबीच विचार र अनुभव आदानप्रदान गर्ने 'सिम्पोजियम' थियो । विभिन्न देशमा कस्तो कला अभ्यास भइरहेको छ, कलाकारले ढुङ्गामा कसरी काम गर्छन् र कस्ता औजार प्रयोग गर्छन् भन्ने प्रत्यक्ष हेर्ने अवसर स्थानीय बासिन्दा, विद्यार्थी र कलाप्रेमीले पाए । उहाँ यसलाई व्यक्तिगत सिर्जनालाई समाज, प्रकृति र सार्वजनिक स्थानसँग जोड्ने महत्त्वपूर्ण अभ्यासका रूपमा लिनुहुन्छ । एक दशकभन्दा लामो समयपछि गुम्बाडाँडाको चुनौती नयाँ मूर्ति थप्नुभन्दा भएका कृतिको कथा जोगाउनु बनेको छ । अधिकांश मूर्तिसँग कृतिको शीर्षक र कलाकारको नाम रहे पनि सिर्जनाको विस्तृत अवधारणा दर्शकले त्यहीँ बुझ्ने व्यवस्था छैन । आधुनिक वा अमूर्त कलासँग परिचित नभएका दर्शकका लागि नामले मात्रै मूर्तिको अर्थ खोल्दैन । उनीहरू फोटो खिचेर फर्कन सक्छन्, तर कलाकारले ढुङ्गामार्फत भन्न खोजेको कथा त्यहीँ छुट्न सक्छ ।

खत्री प्रत्येक मूर्तिसँग कलाकार, देश, कृतिको नाम, आकार, माध्यम, सिर्जनाको अवधारणा र निर्माण समयसहित व्यवस्थित विवरण हुनुपर्ने बताउनुहुन्छ । त्यसका लागि 'क्युआर कोड' प्रभावकारी विकल्प हुनसक्ने उहाँको सुझाव छ । मोबाइलबाट कोड स्क्यान गरेपछि कलाकारको परिचय, कृतिको अर्थ, निर्माण प्रक्रिया, पुराना तस्बिर र श्रव्यदृश्य सामग्रीसम्म हेर्न मिल्ने व्यवस्था भए गुम्बाडाँडा घुम्ने ठाउँबाट कला बुझ्ने खुला पाठशालामा बदलिन सक्छ । भुजेल पनि विस्तृत अभिलेखीकरणलाई अबको मुख्य आवश्यकता मान्नुहुन्छ । कार्यशालाका तस्बिर र श्रव्यदृश्य सामग्री सुरक्षित रहेको तथा पछि वृत्तचित्रसमेत तयार गरिएको उहाँले बताउनुभयो । विस्तृत 'क्याटलग' प्रकाशनको काम भने पूरा हुन सकेको छैन । भविष्यमा पुस्तक प्रकाशन गर्ने, पुराना दृश्य सामग्री प्रदर्शन गर्ने र सङ्ग्रहालयको स्वरूपमा विकास गर्ने परिकल्पना रहेको उहाँको भनाइ छ ।

खुला आकाशमुनि रहेका मूर्तिमा घामपानीले कति असर गर्छ भन्ने प्रश्न पनि छ । भुजेलका अनुसार प्रयोग गरिएका ढुङ्गा बाहिरी वातावरणमै रहने प्रकृतिका भएकाले मौसमले तत्काल ठूलो क्षति पुर्‍याउने सम्भावना कम छ । तर नियमित सरसफाइ, लेउ हटाउने, मानवीय क्षतिबाट जोगाउने र अवस्थाको निगरानी आवश्यक हुन्छ । खत्री पनि समयसमयमा निरीक्षण गरी फोहर, लेउ वा चोटपटक देखिए उचित संरक्षण गर्नुपर्ने बताउनुहुन्छ । हर्नामाडी कला प्रतिष्ठानका अध्यक्ष हर्क राम्तेलका अनुसार मूर्तिकला क्षेत्र करिब पाँच दशमलव ६७ हेक्टरमा फैलिएको छ । व्यवस्थित तथ्याङ्क नराखिए पनि वार्षिक करिब १५ देखि २० हजार आन्तरिक पर्यटक आउने उहाँको अनुमान छ । ठूलो क्षेत्र भएकाले छरिएको लगानीले अपेक्षित स्वरूप दिन नसकेको उहाँ बताउनुहुन्छ । व्यवस्थित बगैँचा, बालबालिकाका लागि खेल्ने ठाउँ, ग्यालरी र अन्य आधारभूत संरचना थपिए पर्यटकलाई लामो समय अड्याउन सकिने उहाँको भनाइ छ ।

हेटौँडा-१८ का वडाध्यक्ष अनिलकुमार बानियाँ पनि बिदाका दिन यहाँ पर्यटकको चहलपहल उल्लेख्य हुने बताउनुहुन्छ । उहाँका अनुसार सामान्य दिनमा करिब ५० देखि ६० जना आउने गरेका छन् भने शुक्रबार र शनिबार चहलपहल बढ्छ । स्थानीयले सञ्चालन गरेका पसल र व्यवसायमार्फत करिब १५ देखि २० परिवार आयआर्जनमा जोडिएको उहाँको भनाइ छ । वडाले गुम्बा डाँडालाई आसपासका पर्यटकीय क्षेत्रसँग जोडेर आगन्तुकलाई दुई‌देखि चार घण्टासम्म अड्याउने वातावरण बनाउने योजना अघि सारेको छ । बानियाँका अनुसार तयार विस्तृत परियोजना प्रतिवेदनमा सूचना केन्द्र, विद्यमान मूर्तिको संरक्षण, थप कलाकृति, बाल उद्यान, चित्रकला प्रदर्शनीस्थललगायत संरचना समेटिएका छन् । करिब रु २३ करोड लागत अनुमान गरिएको उक्त योजनाले मूर्तिकला क्षेत्रलाई व्यवस्थित पर्यटकीय गन्तव्य बनाउने लक्ष्य राखेको उहाँ बताउनुहुन्छ ।

गुम्बा डाँडाको सम्भावना पर्यटनमा मात्र सीमित छैन । भुजेल यसलाई कला विद्यार्थी र अनुसन्धानकर्ताका लागि स्रोत केन्द्र बनाउन सकिने देख्नुहुन्छ । केही विद्यार्थीले यहाँका कृतिमाथि शोध गर्न चासो देखाइसकेको उहाँ बताउनुहुन्छ । भविष्यमा कलाकार आएर बस्न, सिर्जना गर्न र विभिन्न विधाका स्रष्टाले नियमित गतिविधि गर्न सक्ने 'लाइभ आर्ट हब' बनाउने उहाँको परिकल्पना छ । ठूलो अन्तर्राष्ट्रिय कार्यशाला सधैँ सम्भव नभए पनि नियमित रूपमा कलाकारलाई सिर्जनाका लागि आमन्त्रण गर्न सकिने उहाँको धारणा छ ।

यसका लागि नयाँ संरचना मात्र पर्याप्त हुँदैन । कार्यशालाको इतिहास, कलाकारका प्रारम्भिक स्केच, निर्माणका तस्बिर, भिडियो, कृतिको व्याख्या र त्यसबेलाका सहभागीको अनुभवलाई एउटै डिजिटल अभिलेखमा जोड्न आवश्यक छ । त्यसो भए राष्ट्रिय तथा अन्तरराष्ट्रिय अनुसन्धानकर्ताले समेत गुम्बा डाँडालाई अध्ययनस्थलका रूपमा प्रयोग गर्न सक्छन्। मूर्ति जोगिएर पनि त्यसको अर्थ र इतिहास हरायो भने कला सम्पदाको एउटा महत्त्वपूर्ण हिस्सा हराउँछ ।

नेपालमा हाल करिब पाँच सयको सङ्ख्यामा मूर्तिकारहरू क्रियाशील रहेको बताउँदै उहाँले पछिल्ला समयमा मूर्तिकारिताको व्यावसायिक विकास बढ्दै गएको अनुभव सुनाउनुभयो । विभिन्न मूर्तिकारले सिर्जना गरिएका मूर्तिसहितका सङ्ग्रहालय देशका करिब १० ठाउँमा रहेको बताउँदै उहाँले यिनीहरूको संरक्षण गर्दै पर्यटकीय रुपमा उपयोग हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।


## सार्वजनिक शौचालयको निर्माण र व्यवस्थापन गरौं

- सार्वजनिक शौचालयको निर्माण तथा नागरिकको पहुँच विस्तार गरौं,
- सार्वजनिक शौचालयको जिम्मेवारीपूर्वक प्रयोग गरौं,
- फोहोर, प्लास्टिक वा अन्य वस्तु शौचालयमा नफालौं,
- साबुनपानीले हात धुने बानी अपनाई व्यक्तिगत सरसफाइमा ध्यान दिऔं,
- सार्वजनिक सम्पत्तिको सम्मान गर्दै क्षति पुग्ने कार्य नगरौं,
- शौचालय स्वच्छ राखी रोगको संक्रमण न्यूनीकरणमा योगदान दिऔं,
- सार्वजनिक शौचालय सफा राखौं, सभ्य नागरिकको परिचय दिऔं ।

**स्वच्छ शौचालय, स्वस्थ समुदाय र सभ्य समाज निर्माणमा सबैले सहयोग गरौं**

नेपाल सरकार,
**विज्ञापन बोर्ड**

# नेपालप्रति विश्वका नेताको ऐक्यबद्धता, बाढी प्रभावितप्रति गहिरो समवेदना

काठमाडौं । रसुवास्थित भोटेकोशी नदीमा बुधबार आएको बाढीले ठूलो जनधनको क्षति पुर्‍याएपछि विभिन्न देशका प्रधानमन्त्रीले मृतकप्रति हार्दिक समवेदना व्यक्त गर्दै शोकसन्तप्त परिवारमा गहिरो दुःख व्यक्त गर्नुभएको छ । उहाँहरूले नेपालले भोगेको यस विषम परिस्थितिमा आफूहरू नेपालको साथमा रहेको पनि उल्लेख गर्नुभएको छ ।

जापानका प्रधानमन्त्री साने ताकाइचीले आफू नेपाल-चीनबीच गएको भीषण बाढी र त्यसबाट ठूलो क्षति भएकामा दुःखी भएको उल्लेख गर्नुभएको छ । उहाँले बाढीका कारण ज्यान गुमाउनेप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनमा गहिरो दुःख व्यक्त गर्नुभएको छ ।

प्रधानमन्त्री वालेन्द्र शाहले यस दुःखद अवस्थामा ऐक्यबद्धता र समवेदनाका लागि जापानी समकक्षीप्रति आभार व्यक्त गर्नुभएको छ । उहाँले यस अवस्थामा प्रधानमन्त्री ताकाइचीले देखाउनुभएको ऐक्यद्धताले दुई देशबीचको बलियो मित्रता प्रतिबिम्बित गरेको बताउनुभयो ।

बङ्गलादेशका प्रधानमन्त्री तारिक रहमानले नेपालमा आएको विनाशकारी बाढीका कारण ठूलो जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्नुभएको छ । उहाँले यस दुःखद घडीमा ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली अर्पण गर्दै उहाँहरूका परिवार तथा प्रियजनहरूले बेहोर्नुपरेको अपूरणीय क्षतिप्रति गहिरो दुःख सहानुभूति व्यक्त गर्नुभएको छ । यस कठिन परिस्थितिमा नेपाललाई आवश्यक पर्ने जुनसुकै सहयोग उपलब्ध गराउन पनि तयार रहेको बताउनुभएको छ ।

प्रधानमन्त्री शाहले यस विपत्तिको सामना गरिरहेको अवस्थामा उहाँले व्यक्त गर्नुभएका सहानुभूति र समवेदनाका लागि बङ्गलादेश सरकार र बङ्गलादेशी जनताप्रति हार्दिक आभार व्यक्त गर्नुभएको छ । साथै उहाँले व्यक्त गर्नुभएको ऐक्यबद्धताले दुई देशबीचको गहिरो मित्रतालाई प्रतिबिम्बित गरेको बताउनुभएको छ ।

पाकिस्तानका प्रधानमन्त्री सहबाज सरिफले नेपालको रसुवा जिल्ला र अन्य प्रभावित क्षेत्रमा बाढीका कारण ठूलो जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्नुभएको छ । उहाँले यस दुःखद घटनामा ज्यान गुमाउनेहरूका शोकसन्तप्त परिवार तथा प्रभावित सबैप्रति मेरो हार्दिक समवेदना व्यक्त गर्नुभएको छ । "यस कठिन घडीमा पाकिस्तान सरकार र पाकिस्तानी जनता नेपाल सरकार तथा नेपाली जनताको साथमा दृढतापूर्वक उभिएका छन् । प्रभावित क्षेत्रमा रहेका सबैको सुरक्षा तथा सुख-समृद्धिको लागि हामी प्रार्थना गर्दछौँ," उहाँले भन्नुभएको छ । प्रधानमन्त्री शाहले पाकिस्तानी समकक्षी सरिफ तथा पाकिस्तानका जनताले व्यक्त गर्नुभएको समवेदना र ऐक्यबद्धताप्रति गहिरो आभार व्यक्त गर्नुभएको छ । साथै इस्लामाबादस्थित पाकिस्तान इन्स्टिच्युट अफ मेडिकल साइन्सेसमा बुधबार भएको दुःखद घटनाबाट प्रभावित परिवारहरूप्रति गहिरो समवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ । अष्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले नेपाल र चीनको तिब्बतमा आएको ठूलो बाढीबाट प्रभावित सबैप्रति हामी गहिरो समवेदना व्यक्त गर्नुभएको छ । उहाँले प्रभावित क्षेत्रमा रहेका अष्ट्रेलियाली नागरिकले स्थानीय अधिकारीहरूले जारी गरेका निर्देशन तथा सल्लाह पालना गर्न अनुरोध पनि गर्नुभएको छ । "प्रभावित क्षेत्रमा केही अष्ट्रेलियाली नागरिक रहेको हामीलाई जानकारी छ र उनीहरूको अवस्था तथा सुरक्षाबारे यथाशीघ्र पुष्टि गर्न अधिकारीहरू तत्काल काम गरिरहेका छन् । यसका लागि हामी स्थानीय अधिकारीहरू तथा भ्रमण/ पर्यटन सञ्चालकहरूसँग समन्वय गरिरहेका छौँ," उहाँले भन्नुभएको छ । प्रधानमन्त्री अल्बानिजले आफूहरू आवश्यक परेमा कन्सुलर सहायता उपलब्ध गराउन तयार रहेको पनि बताउनुभएको छ । आकस्मिक कन्सुलर सहायता आवश्यक पर्ने अष्ट्रेलियाली नागरिकहरूले डिएफएटीको कन्सुलर इमर्जेन्सी सेन्टरमा १३०० ५५५ १३५ मा सम्पर्क गर्न सक्ने उल्लेख गर्नुभएको छ ।

प्रधानमन्त्री शाहले अष्ट्रेलियाका समकक्षीले व्यक्त गर्नुभएको हार्दिक समवेदना र ऐक्यबद्धताका लागि धन्यवाद दिँदै नेपाल सरकारले प्रभावित सबैको खोजी, उद्धार तथा राहत कार्यका लागि आफ्नो नियन्त्रणमा रहेका सबै स्रोत-साधन परिचालन गरिरहेको बताउनुभएको छ ।

क्यानडाका प्रधानमन्त्री मार्क कार्नीले नेपालको भोटेकोशी नदीमा आएको आकस्मिक बाढी अत्यन्तै विनाशकारी रहेको उल्लेख गर्दै क्यानडाका जनताका सङ्कटमा परेका सबै, आफन्त प्रियजन गुमाएका व्यक्तिहरू तथा अझै जवाफको प्रतीक्षामा रहेका सबैको साथमा रहेको बताउनुभएको छ । उहाँले भन्नुभएको छ, "हाम्रो सरकारले परिस्थितिलाई नजिकबाट नियालिरहेको छ । यस क्षेत्रमा रहेका सबै क्यानडाका नागरिकलाई यथाशीघ्र आरओसिए प्रणालीमा दर्ता हुन पनि आग्रह गर्दछ ।" उहाँले उद्धारका प्रयासहरू जारी रहँदा क्यानडा आवश्यक सहयोग गर्न तयार रहेको पनि उल्लेख गर्नुभएको छ ।

प्रधानमन्त्री शाहले यस दुःखको घडीमा क्यानडाले देखाएको ऐक्यबद्धताका लागि धन्यवाद व्यक्त गर्नुभएको छ । साथै नेपाल सरकारले प्रभावित सबैको खोजी, उद्धार तथा राहत कार्यका लागि आफ्नो नियन्त्रणमा रहेका सबै स्रोत-साधन परिचालन गरिरहेको प्रधानमन्त्री शाहले उल्लेख गर्नुभएको छ ।

जर्मनीका प्रधानमन्त्री फ्रेडरिक मर्जले नेपाल र चीनमा आएको विनाशकारी बाढीको खबरले आफू अत्यन्तै दुःखी भएको उल्लेख गर्नुभएको छ । उहाँले आफूहरू बाढीबाट प्रभावित पीडितहरू र उनीहरूका प्रियजनहरूसँग साथमा रहेको उल्लेख गर्दै आगामी घण्टा र दिनहरूमा स्थलमै खटिएर सहयोग गरिरहनुभएका सबैलाई शक्ति र साहस प्राप्त होस् भन्ने कामना गर्नुभएको छ । उहाँले आफूहरू नेपाललाई हामी सहयोग गर्न तयार रहेको पनि बताउनुभएको छ ।

प्रधानमन्त्री शाहले जर्मनीका समकक्षी कार्नीले यस घटनाप्रति देखाउनु भएको समवेदना र ऐक्यबद्धताप्रति धन्यवाद व्यक्त गर्दै यस कठिन घडीमा नेपालप्रति व्यक्त गर्नुभएको सद्भावपूर्ण भावना र सहयोगको प्रस्तावका कदर व्यक्त गर्नुभएको छ । लिथुनियाका प्रधानमन्त्री मिन्डाउगास सिन्केभिचियुसले नेपाल र चीनमा आएको विनाशकारी बाढीमा परी ज्यान गुमाउनेप्रति गहिरो दुःख व्यक्त गर्नुभएको छ । यस पीडादायी घडीमा शोकसन्तप्त परिवारहरू, प्रभावित सबै व्यक्त तथा स्थलमै खटिएर सहासपूर्वक उद्धार कार्यमा जुटिरहेका टोलीहरूप्रति धन्यवाद व्यक्त गर्दै उहाँले लिथुनियाको विदेश मन्त्रालयमार्फत आफूहरूले परिस्थितिलाई नजिकबाट निगरानी गरिरहेको बताउनुभएको छ ।

प्रधानमन्त्री वालेन्द्र शाहले लिथुआनियाका समकक्षीले व्यक्त गर्नुभएको समवेदना र ऐक्यबद्धताका लागि धन्यवाद व्यक्त गर्दै यस कठिन घडीमा लिथुआनियाले व्यक्त गरेको सद्भावपूर्ण भावना तथा निरन्तर सहयोग र चासोप्रति हामी गहिरो कदर गर्दछौं भन्नुभएको छ । मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमले नेपाल-चीन सीमा क्षेत्रमा आएको विनाशकारी आकस्मिक बाढीबाट आफू अत्यन्तै मर्माहत भएको बताउनु भएको छ । "मलेसिया सरकार तथा मलेसियाली जनताका तर्फबाट नेपाल र चीनका सरकार तथा जनताप्रति, साथै आफ्ना प्रियजन गुमाउनेहरू र बेपत्ता आफन्तको खबरको प्रतीक्षामा रहेका सबैप्रति गहिरो समवेदना व्यक्त गर्दछ", उहाँले भन्नुभएको छ ।

काठमाडौँस्थित मलेसियाको दूतावास प्रभावित मलेसियाली नागरिकहरूलाई सहयोग गर्न सम्बन्धित अधिकारीहरूसँग नजिकबाट समन्वय गरिरहेको बताउनुभएको छ । साथै यी प्रयासहरूलाई स्थलमै थप सुदृढ गर्न ढाकास्थित मलेसियाली उच्चायोगका अधिकारीहरूलाई पनि परिचालन गरिएको बताउनुभएको छ । "प्रभावित मलेसियाली नागरिकहरूको अवस्थाबारे पूर्ण जानकारी प्राप्त नभएसम्म र उनीहरूका परिवारले आवश्यक सहयोग नपाएसम्म सरकार पूर्ण रूपमा संलग्न रहनेछ । अत्यन्तै कठिन परिस्थितिमा काम गरिरहेका खोज तथा उद्धारमा संलग्न कर्मचारीहरूको साहस र समर्पणको म प्रशंसा गर्दछु । प्रभावित सबैप्रति हाम्रो विचार र प्रार्थना छ," उहाँले भन्नुभएको छ ।

प्रधानमन्त्री शाहले मलेसियाका समकक्षीले व्यक्त गर्नुभएको ऐक्य बद्धताका लागि गहिरो आभार व्यक्त गर्दै नेपाल सरकारले प्रभावित सबैको खोजी, उद्धार तथा राहत कार्यका लागि आफ्नो नियन्त्रणमा रहेका सबै स्रोत र साधन परिचालन गरिरहेको बताउनुभएको छ ।

सिङ्गापुरका प्रधानमन्त्री लरेन्स वोङले नेपाल-चीन सीमा क्षेत्रमा आएको बाढीका कारण भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्नुभएको छ । उहाँले शोकसन्तप्त परिवार तथा प्रभावित सबैप्रति गहिरो समवेदना व्यक्त गर्दै प्रभावित सिङ्गापुरका नागरिक तथा उनीहरूका परिवारलाई सहयोग गर्न विदेश मन्त्रालयले नेपाली र चिनियाँ अधिकारीहरूसँग नजिकबाट समन्वय गरिरहेको बताउनुभएको छ । "हाम्रो विचार नेपाल र चीनका जनताका साथै उद्धार तथा पुनःस्थापनाका प्रयासमा खटिरहनुभएका सबैसँग छ । अझै बेपत्ता रहेकाहरू सकुशल फर्कून् भन्ने हाम्रो कामना छ," उहाँले भन्नुभएको छ ।

प्रधानमन्त्रीले सिङ्गापुरका समकक्षीले व्यक्त गर्नुभएको ऐक्य बद्धताका लागि गहिरो आभार व्यक्त गर्दै नेपाल सरकारले प्रभावित सबैको खोजी, उद्धार तथा राहत कार्यका लागि आफ्नो नियन्त्रणमा रहेका सबै स्रोत र साधन परिचालन गरिरहेको बताउनुभएको छ ।

न्यूजिल्यान्डका प्रधानमन्त्री क्रिस्टोफर लक्सनले भन्नुभएको छ, "आकस्मिक बाढीपछि नेपाल र चीनबाट बाहिर आइरहेका दृश्यहरू अत्यन्तै हृदयविदारक छन् । प्रभावित सबै तथा प्रभावित समुदायहरूप्रति मेरो गहिरो समवेदना छ । प्रभावित हुन सक्ने न्यूजिल्यान्डका नागरिकका सम्बन्धमा न्यूजिल्यान्डले नेपालका अधिकारीहरूसँग सम्पर्कमा रहेर समन्वय गरिरहेको छ ।" उहाँले प्रभावित क्षेत्रमा रहेका न्यूजिल्यान्डका नागरिकहरूले सम्भव भएसम्म आफू सुरक्षित रहेको जानकारी आफ्ना परिवार तथा साथीहरूलाई गराउन आग्रह गर्नुभएको छ ।

# भोटेकोशी बाढीपछि सुदूरपश्चिमका एक सय नागरिक सम्पर्कविहीन

सुदूरपश्चिम । भोटेकोशी बाढी प्रभावित क्षेत्रमा हालसम्म सुदूरपश्चिम प्रदेशका एक सयभन्दा बढी नागरिक सम्पर्कविहीन रहेका छन् ।

सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, कैलालीले यहाँका नौवटै जिल्लाबाट आफन्तको खोजीका लागि जानकारी आइरहेको र त्यसक्रममा एक सयभन्दा बढी बढी सम्पर्कविहीन रहेको सूचना आएको जनाएको छ ।

प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक पदमबहादुर विष्टले तीमध्ये कैलालीका ३१, कञ्चनपुरका २९, डडेल्धुराका १५, बाजुराका १४, बैतडीका चार, दार्चुला तीन, डोटीका दुई, बझाङका दुई र अछामका एक जना सम्पर्कविहीन भएको विवरण प्राप्त भएको जानकारी दिनुभयो ।

कैलालीका मात्र ४९ जना सम्पर्कविहीन भएका प्रहरी नायव उपरीक्षक योगेन्द्र तिमिल्सिनाले जानकारी दिनुभयो । बाढी प्रभावित क्षेत्रमा काम, व्यवसाय तथा अन्य सिलसिलामा पुगेका उनीहरु हालसम्म परिवार तथा आफन्तसँग सम्पर्कमा नआएको उहाँले बताउनुभयो । प्रभावित क्षेत्रमा सम्पर्कविहीन भएका व्यक्तिको विवरण टिपाउन प्रहरीले आफन्तजनलाई अनुरोध गरेको छ ।

## राज्यका सबै...................

अस्थायी आवासको व्यवस्था गरिएको छ । प्रभावित नागरिकको तत्काल राहतका लागि रसुवामा रु एक करोड, नुवाकोटमा रु एक करोड र धादिङमा रु ५० लाख परिचालन गरिएको छ । चाउचाउ, बिस्कुट, स्लिपिङ ब्याग, म्याट्रेस, ब्ल्याङ्केट लगायतका राहत सामग्री १० ट्रक पठाइएको छ भने थप खाद्य तथा गैरखाद्य सामग्री हेलिकप्टरमार्फत समेत प्रभावित क्षेत्रमा पुऱ्याइँदैछ ।"

प्रभावित क्षेत्रमा अस्थायी राहत शिविर सञ्चालन गरी खाना, खानेपानी र आवश्यक आधारभूत सेवाको व्यवस्था गरिएको, नेपाल रेडक्रस, नेपाल स्काउट, लायन्स क्लब तथा अन्य स्वयंसेवी संस्थाका संयन्त्रसमेत राहत र उद्धारमा परिचालित भएको र रेडक्रसबाट करिब ३० हजार जनालाई पुग्ने राहत सामग्री प्रभावित क्षेत्रमा पठाइएको उहाँको भनाइ छ । "स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र सक्रिय गरिएको छ । वीर अस्पताल, ट्रमा सेन्टर, शिक्षण अस्पताल, सिभिल अस्पताल, पाटन अस्पताल तथा प्रहरी अस्पताललाई तयारी अवस्थामा राखिएको छ । वीर र ट्रमा सेन्टरमा १००/१०० तथा पाटन अस्पतालमा ६० आपत्कालीन शय्या तयार गरिएको छ । आवश्यकताअनुसार मेडिकल टोली, औषधि, एम्बुलेन्स र रक्तसञ्चार सेवा परिचालन गरिएको छ", प्रधानमन्त्रीले भन्नुभएको छ ।

प्रधानमन्त्री शाहले प्रभावित तथा घाइते नागरिकको निःशुल्क उपचार सुनिश्चित गरिएको बताउनुभएको छ । साथै ट्रमा सेन्टर, वीर अस्पताल, त्रिवि शिक्षण अस्पताललगायतका अस्पतालबाट मेडिकल टोली आवश्यक औषधि र उपकरणसहित परिचालन गरिएको र धुलिखेल अस्पताल लगायतका स्वास्थ्य संस्थालाई समेत तयारी अवस्थामा राखिएको उहाँको भनाइ छ ।

"प्रभावित क्षेत्रमा आवश्यक राहत तथा उद्धार सामग्रीको आपूर्ति प्रणाली व्यवस्थित गरिएको छ । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलस्थित राष्ट्रिय आपत्कालीन गोदामघर, नुवाकोटको बट्टारस्थित नेपाली सेनाको मैथिली ब्यारेक र धादिङको बैरेनी ब्यारेकमा राहत सामग्री सङ्कलन गरी आवश्यकता र प्राथमिकताका आधारमा प्रभावित क्षेत्रमा पठाउने व्यवस्था गरिएको छ", उहाँले भन्नुभएको छ ।

प्रधानमन्त्री शाहले प्रभावित क्षेत्रमा जेनेरेटर, पोर्टेबल मोबाइल टावर, ब्याट्री, स्वास्थ्य सामग्री, टेन्ट तथा फलाम/ढुङ्गा काट्ने मेसिनरीलगायतका अत्यावश्यक सामग्री हवाई तथा स्थलमार्गबाट पठाइरहेको उल्लेख गर्दै विपद् व्यवस्थापनमा प्रयोग हुने फिल्ड अस्पताल सेट (भीष्म ट्युब) समेत त्रिशूलीतर्फ पठाइएको बताउनुभएको छ ।

"दूरसञ्चार सेवा पुनःस्थापनालाई आपत्कालीन प्राथमिकतामा राखिएको छ । हालसम्म नेपाल टेलिकमका ३८ र एनसेलका ३२ गरी कम्तीमा ७० वटा टावर/साइट बन्द भएका छन् । प्राविधिक टोली, जेनेरेटर र ब्याट्री हेलिकप्टरमार्फत प्रभावित क्षेत्रमा पुऱ्याई सेवा पुनःस्थापनाको काम भइरहेको छ", उहाँले भन्नुभएको छ ।

प्रभावित नागरिकलाई तत्काल निःशुल्क सञ्चार सुविधा उपलब्ध गराइएको छ । नेपाल टेलिकमले दैनिक दुई जीबी डाटा, ५० एसएमएस र निःशुल्क भ्वाइस कल तथा एनसेलले समेत निःशुल्क भ्वाइस/डाटा र एसएमएस सुविधा उपलब्ध गराएको उहाँको भनाइ छ । उहाँले अस्थायी मोबाइल कनेक्टिभिटी तथा मोबाइल चार्जिङ सुविधा विस्तार भइरहेको उल्लेख गर्नुभएको छ । "सडक, पुल, खानेपानी, विद्युत् तथा दूरसञ्चारलगायत अत्यावश्यक पूर्वाधारको तत्काल पुनःसञ्चालनलाई उच्च प्राथमिकता दिइएको छ । सम्बन्धित मन्त्रालय, विभाग तथा निकायलाई आवश्यक जनशक्ति, उपकरण र स्रोत तत्काल परिचालन गरी क्षतिग्रस्त संरचनाको क्षति मूल्याङ्कन र पुनः सञ्चालनको काम द्रुत गतिमा अघि बढाउन निर्देशन गरिएको छ", उहाँले भन्नुभएको छ ।

प्रधानमन्त्री शाहले नेपाल विद्युत् प्राधिकरणसँगको समन्वयमा ओपिजीडब्ल्यु तथा विद्युत् संरचनाको पुनःस्थापनाको काम अघि बढाइएको उल्लेख गर्दै अत्यधिक प्रभावित क्षेत्र र उद्धार तथा राहत कार्यमा प्रत्यक्ष सहयोग पुऱ्याउने संरचनालाई प्राथमिकताका साथ पुनःसञ्चालन भइरहेको बताउनुभएको छ ।

"प्रभावित क्षेत्रमा इन्धनको अभाव हुन नदिन आवश्यक व्यवस्था गरिएको छ । नुवाकोटका भैरवी, सूर्यमती तथा पञ्चकन्या आयल स्टोरमा डिजल २३ हजार लिटर र पेट्रोल छ हजार लिटर मौज्दात रहेको छ । आज थप डिजल १५ हजार लिटर र पेट्रोल १५ हजार लिटर पठाइएको छ । हवाई इन्धन आठ हजार लिटर मौज्दात रहेकोमा थप नौ हजार लिटर पठाइएको छ", उहाँले भन्नुभयो, "प्रभावित क्षेत्रको वास्तविक अवस्था र क्षतिको यथार्थ विवरण सङ्कलन गर्न ड्रोन सर्वेक्षण तथा स्थलगत मूल्याङ्कन भइरहेको छ । फसेका नागरिक, अवरुद्ध सडक तथा पहुँचको अवस्था पहिचान गरी उद्धार र राहतलाई अझ लक्षित र प्रभावकारी बनाइँदैछ ।"

प्रधानमन्त्री शाहले सम्भावित थप जोखिमलाई ध्यानमा राख्दै नदी तटीय क्षेत्रका नागरिकलाई उच्च सतर्कता अपनाउन आग्रह गरिएको उल्लेख गर्दै भोटेकोशी तथा त्रिशूली नदीको बहाव, सम्भावित पहिरो तथा अन्य जोखिमको निरन्तर निगरानी भइरहेको बताउनुभएको छ । उहाँले रसुवा, नुवाकोट, धादिङ, गोरखा तथा चितवनका जोखिमयुक्त नदी तटीय क्षेत्रका नागरिकलाई सुरक्षित स्थानमा जान आग्रह गरिएको उल्लेख गर्नुभएको छ ।

## मधेशबाहेक सबै प्रदेशका एक–दुई ठाउँमा भारी वर्षाको सम्भावना

काठमाडौँ । हाल देशभर मनसुनी वायुको प्रभाव रहेको छ। हाल मनसुनको न्यूनचापीय रेखा सरदर स्थानको आसपास रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

हाल देशका हिमाली र पहाडी भूभागमा साधारणतया बादल लागेको छ । कोशी र सुदूरपश्चिम प्रदेशका तराई भूभागमा साधारणतया बादल लागेको छ भने बाँकी तराई भूभागमा आंशिक बादल लागेको छ । कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको एक, दुई स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ ।

महाशाखाद्वारा यहाँ जारी मौसम बुलेटिनका अनुसार बिहीबार दिउँसो देशभर साधारणतया बादल लाग्नेछ। देशको हिमाली र पहाडी भू-भागका केही स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ ।

लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भू-भागका केही स्थानमा तथा मधेश प्रदेश साथै कोशी, बागमती र गण्डकी प्रदेशका तराई भू-भागका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्म वर्षाको सम्भावना छ ।

कोशी, कर्णाली र सुदूरपश्चिम प्रदेशको पहाडी भू-भाग, बागमती र गण्डकी प्रदेशको हिमाली भू-भाग तथा लुम्बिनी प्रदेशका पहाडी र तराई भू-भागका एक, दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको बुलेटिमा उल्लेख छ ।

मौसम बुलेटिनका अनुसार आज राति देशभर साधारणतया बादल लाग्नेछ। कोशी, बागमती र गण्डकी प्रदेशको हिमाली भू-भागका केही स्थान तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली भू-भागका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ । कोशी, बागमती, गण्डकी, लुम्बिनी प्रदेशका पहाडी भू-भागका धेरै स्थान तथा कर्णाली र सुदूरपश्चिम प्रदेशको पहाडी भू-भागका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्म वर्षाको सम्भावना छ ।

मधेश प्रदेश तथा कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका तराई भू-भागका केही स्थानमा तथा सुदूरपश्चिम प्रदेशको तराई भू-भागका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्म वर्षाको सम्भावना छ । कोशी, बागमती र गण्डकी प्रदेशको हिमाली र पहाडी भू-भाग तथा लुम्बिनी प्रदेशको पहाडी भू-भागको एक, दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको बुलेटिनमा उल्लेख छ ।

भारी वर्षाको सम्भावना रहेका क्षेत्रमा गेग्रान बहाव, बाढी, पहिरो तथा भू-क्षयजस्ता प्रकोपको जोखिम रहेकाले आवश्यक सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ । वर्षाका कारण ती क्षेत्रमा दैनिक जनजीवनका साथै कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायात प्रभावित हुनसक्ने भएकाले महाशाखाका सूचनामा अद्यावधिक रहन सम्बद्ध सबैलाई अनुरोध गरिएको छ ।

## भोटेकोशीको बाढीले ठूलो मानवीय क्षति, अर्बौंको भौतिक नोक्सानी

काठमाडौँ । रसुवाको भोटेकोशीमा आएको बाढीका कारण ठूलो मानवीय र भौतिक क्षति भएको छ । नेपाल प्रहरीको पछिल्लो अपडेट अनुसार हालसम्म १५७ जनाको शव फेला परिसकेको छ ।

रसुवा, धादिङ र नुवाकोट तीन जिल्लाका नदी किनारका बस्तीमा ठूलो क्षति भएको छ । कतै बस्तीहरू नै बगेका छन् ।

बस्ती नै बगाउँदा कति मानिसको अवस्था के छ भन्ने अझै यकिन भइसकेको छैन । सयौं मानिसहरू हराइरहेको सूचनाहरू आइरहेका छन् ।

प्रहरीका अनुसार रसुवामा ३, नुवाकोटमा १३, धादिङमा ६४, गोरखामा १९, तनहुँमा ९ र नवलपरासी पूर्वमा २२ जनाको शव फेला परेको छ ।

बेपत्ता हुनेमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, निजमती कर्मचारी देखि विभिन्न विद्युत आयोजनामा काम गर्ने व्यक्तिहरू पनि छन् । नेपाल प्रहरीले अहिलेसम्म २८ जना प्रहरी कर्मचारी सम्पर्कमा नआएको पनि जनाएको छ ।

बाढीबाट घाइते भएकाहरू मध्ये २० जना त्रिवि शिक्षण अस्पताल महाराजगञ्ज काठमाडौं, ४ जना ट्रमा सेन्टर, ३ जना वीर अस्पताल, १ जना वीरेन्द्र सैनिक अस्पताल छाउनी, ३ जना नर्भिक अस्पतालमा र ९ जना त्रिशूली अस्पतालमा उपचाररत छन् ।

सुवा बाढीका कारण ४ सय ३ पर्यटक सम्पर्कविहीन भएका छन्, जसमा ३ सय ४१ विदेशी र ६२ नेपाली छन् ।

सम्पर्कविहीनमध्ये २ सय ३ पुरुष र २ सय महिला छन् ।

सबैभन्दा धेरै १ सय ३३ भारतीय पर्यटक बेपत्ता भएका छन्, त्यसपछि अमेरिकी ४७, अस्ट्रेलिया ३४ र बेलायती ३३ जना छन् ।

पर्यटकहरू सम्पर्कविहीन

रसुवा बाढीका कारण सम्पर्कविहीन भएका पर्यटक ४ सय ३ पुगिसकेको छ । नेपाल पर्यटन बोर्डका अनुसार ३ सय ४१ विदेशी र ६२ नेपाली पर्यटक सम्पर्कविहीन भएका छन् । जसमा २ सय ३ पुरुष र २ सय महिला छन् ।

सम्पर्कविहीन हुनेमा सबैभन्दा धेरै भारतीय छन् । कुल १ सय ३३ भारतीय पर्यटक बेपत्ता छन् । अमेरिकी ४७ जना बेपत्ता छन् ।

सम्पर्कविहीन पर्यटक संख्या पुग्यो ४०३, कुन देशका कति ?

बेलायती ३३, अस्ट्रेलिया ३४, क्यानडा २४, मलेसिया १९, युक्रेन ७ र दक्षिण अफ्रिकका ६ पर्यटक बेपत्ता छन् । त्यसैगरी सिंगापुरका ६, न्यूजिल्यान्ड र जापान ५/५, जर्मनी ४, फ्रान्स ३ र स्पेनका २ पर्यटक सम्पर्कविहीन छन् ।

## आवश्यक सहयोग गर्न क्यानडा तयार : मार्क कार्नी

काठमाडौं । क्यानडाका प्रधानमन्त्री मार्क कार्नीले नेपालको भोटेकोशी नदीमा आएको आकस्मिक बाढीलाई ‘अत्यन्त विनाशकारी’ भन्दै गहिरो दुःख व्यक्त गरेका छन् ।

यस संकटको घडीमा क्यानेडियाली जनता नेपालीहरूको साथमा रहेको उल्लेख गर्दै उनले क्यानडा आवश्यक सहयोग उपलब्ध गराउन तयार रहेको बताएका छन् ।

सामाजिक सञ्जालमार्फत एक सन्देश जारी गर्दै प्रधानमन्त्री कार्नीले बाढीबाट प्रभावितहरूप्रति सहानुभूति र ऐक्यबद्धता प्रकट गरेका हुन् ।

प्रधानमन्त्री कार्नीले विपद्मा परेका, आफ्ना प्रियजन गुमाएका र बेपत्ता आफन्तको पर्खाइमा रहेका सम्पूर्ण परिवारजनप्रति क्यानाडाली नागरिकहरूको तर्फबाट गहिरो समवेदना व्यक्त गरेका छन्।

क्यानाडाली सरकारले नेपालको बाढी र त्यसपछिको परिस्थितिलाई नजिकबाट नियालिरहेको उनले बताएका छन् । साथै, बाढी प्रभावित क्षेत्रमा रहेका सबै क्यानाडाली नागरिकहरूलाई तत्काल ‘रोका’ (रजिस्ट्रेसन अफ क्यानडियन अब्रोड) प्रणालीमा आफ्नो विवरण दर्ता गर्न अनुरोध गरेका छन् ।

नेपालमा हाल खोजी तथा उद्धार कार्य जारी रहेको उल्लेख गर्दै प्रधानमन्त्री कार्नीले विपद् व्यवस्थापन र राहतका लागि क्यानडा आवश्यक सहयोग पुऱ्याउन पूर्ण रूपमा तयार रहेको स्पष्ट पारेका छन् ।

## सेनाको पाँच वटा हेलिकोप्टरबाट उद्धार कार्य जारी, २ हजार बढी सैनिक परिचालन

काठमाण्डौ । रसुवाको भोटेकोशी नदीमा बुधबार आएको बाढीबाट प्रभावितहरूको उद्धारका लागि नेपाली सेनाका पाँचवटा हेलिकोप्टरबाट उद्धार कार्य जारी रहेको छ।

सेनाले बिहीबार प्रभावित क्षेत्रबाट ९७ जनाको उद्धार गरेको छ, जसमा मैलुङको टनेलबाट ३ र टिमुरेबाट १४ जना हेलिकोप्टर बाट उद्धार गरिएका छन् । नुवाकोटदेखि चितवनसम्म प्रभावितहरूको खोज तथा उद्धार र राहत वितरणका लागि २ हजार भन्दा बढी फौज खटिएको सेनाले जनाएको छ ।

११ भदौ, काठमाडौं । रसुवाको भोटेकोशी नदीमा बुधबार आएको भीषण बाढीबाट प्रभावितहरूको उद्धारका लागि नेपाली सेनाका पाँचवटा हेलीकोप्टरबाट उद्धार कार्य जारी रहेको छ। सेनाले बिहीबार प्रभावित क्षेत्रबाट ९७ जनाको उद्धार गरेको थियो । बिहीबार बिहान मैलुङको टनेलबाट ३ र टिमुरेबाट १४ जनाको हेलिकोप्टरबाट उद्धार गरिएको छ ।

हेलिकोप्टर बाहेक थप ६३ जनालाई पनि सेनाले उद्धार गरेको छ। नुवाकोटदेखि चितवनसम्म प्रभावितहरूको खोज तथा उद्धार कार्यमा २ हजारभन्दा बढी फौज खटिई खोज/उद्धार तथा राहत वितरण कार्य गरिरहेको सेनाले जनाएको छ ।

गएराति सेनाका ११ वटा टीमले जमिनबाट उद्धारका कार्य गरेको थियो । सेनाका ११ ट्रकद्वारा आवश्यकता अनुसार प्रभावित स्थानहरूमा पुऱ्याउने कार्य भइरहेको छ। हालसम्म ४ सटल राहत सामग्री



टिमुरे पुगिसकेको सेनाले जानकारी गराएको छ ।

साथै नेपाली सेनाको मेडिकल टीममा थप गरी त्रिशूलीमा घाइतेहरूको उपचारको कार्य गरिरहेको जानकारी गराइएको छ ।

## व्यवसाय विस्तारसँगै आत्मनिर्भरता बढ्दै

दमौली । म्याग्दे गाउँपालिकामा उद्यम तथा व्यवसाय विस्तारसँगै स्थानीय स्तरमा रोजगारी र आयआर्जनका अवसर बढ्दै गएका छन् । व्यापार, कृषि तथा पशुपालन, होटल तथा रेष्टुरेन्ट, पर्यटन, सेवा तथा उत्पादनमूलक क्षेत्रमा व्यवसाय सञ्चालन गर्ने क्रम बढेसँगै गाउँपालिकाको आर्थिक गतिविधि पनि विस्तार हुँदै गएको हो ।

गाउँपालिकाको आर्थिक विकास शाखाका अनुसार हालसम्म विभिन्न प्रकृतिका ५१४ वटा व्यवसाय तथा उद्यम दर्ता भएका छन् । व्यवसाय दर्ताको तथ्याङ्कले स्थानीय नागरिक उद्यमशीलता तर्फ आकर्षित हुँदै गएका र स्थानीय सीप, श्रम तथा पुँजीलाई गाउँमै परिचालन गर्ने वातावरण निर्माण हुँदै गएको शाखा प्रमुख प्रदीप न्यौपानेले बताउनुभयो । उहाँका अनुसार म्याग्देमा किराना पसल, खाजा तथा होटल, रेष्टुरेन्ट, कृषि तथा पशुपालन फार्म, कपडा पसल, वर्कसप, सिलाइकटाइ, राइस मिल, फर्निचर, ब्यूटीपार्लर, इलेक्ट्रोनिक्सलगायत व्यवसाय सञ्चालन मा छन् । पर्यटन क्षेत्रलाई आधार बनाउँदै तीनवटा सामुदायिक होमस्टे (घरबास) सञ्चालन मा आएका छन् ।

गाउँपालिकामा सबैभन्दा बढी १५५ वटा किराना पसल दर्ता भएका शाखा प्रमुख न्यौपानेले जानकारी दिनुभयो। उहाँका अनुसार १०८ खाजा तथा होटल, रेष्टुरेन्ट, १०३ कृषि तथा पशुपालन फार्म सञ्चालनमा छन् । साथै कपडा पसल, वर्कसप, सिलाइकटाइ, भाडा पसल, राइस मिललगायत व्यवसायी दर्ता भई सञ्चालनमा छन् । ग्यारेज, हार्डवेयर, सुनचाँदी, सामुदायिक घरबास, बेकरी, सैलुन, चाउमिन र खानी व्यवसाय दर्ता भएका छन् ।

म्याग्देमा दर्ता भएका १०० कृषि तथा पशुपालन फार्मले स्थानीय उत्पादनलाई व्यवसायसँग जोड्ने सम्भावना देखिएको न्यौपानेको भनाइ छ । कृषि तथा पशुपालनलाई व्यावसायिक रूपमा अघि बढाउँदा स्थानीय उत्पादन वृद्धि हुनुका साथै गाउँमै रोजगारी र आयआर्जनका अवसर सृजना गर्न सकिने उहाँले उल्लेख गर्नुभयो । कृषि उत्पादन, पशुपालन तथा त्यसमा आधारित व्यवसायले स्थानीय बजारलाई समेत चलायमान बनाउन सहयोग पुर्याएको छ । कृषि उत्पादन होटल तथा रेष्टुरेन्टमा खपत हुने र स्थानीय बजारमा बिक्री वितरण हुने भएकाले एउटा व्यवसायले अर्को व्यवसायलाई समेत टेवा पुर्याउने अवस्था बनेको उहाँले बताउनुभयो ।

गाउँमै रोजगारी सृजनाको आधार

म्याग्देमा व्यवसाय विस्तार हुन थालेसँगै स्थानीय नागरिकले आफ्नो श्रम, सीप र पुँजीलाई आफ्नै ठाउँमा परिचालन गर्ने अवसर पाएका छन् । यसले रोजगारीका लागि अन्यत्र जानुपर्ने बाध्यता कम गर्न सहयोग पुग्ने अपेक्षा गरिएको गाउँ पालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले बताउनुभयो ।

उहाँले भन्नुभयो, “उद्यम तथा व्यवसायले राम्रो गर्दै गएको अवस्था छ । स्थानीय नागरिक आफैँले व्यवसाय सञ्चालन गरेर आत्मनिर्भर र स्वावलम्बी बन्ने क्रम बढेको छ । गाउँपालिकाले पनि उद्यमशीलता विकास, सीप अभिवृद्धि र व्यवसाय प्रवर्द्धनका कार्यक्रममार्फत स्थानीयलाई प्रोत्साहन गर्दै आएको छ ।” म्याग्दे गाउँपालिकाले उद्यमशीलता प्रवर्द्धनका लागि नवप्रवर्तनात्मक कार्यक्रमअन्तर्गत अभिमुखीकरण तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्दै आएको छ । उक्त कार्यक्रमबाट १५ जना उद्यमीले नमूनाका रूपमा उद्यम तथा व्यवसाय सञ्चालन गरेका छन् ।

परम्परागत रूपमा रोजगारी खोज्नुभन्दा आफ्नै व्यवसाय सृजना गर्ने वातावरण निर्माण गर्नु अहिलेको आवश्यकता भएकाले नवप्रवर्तनमा आधारित कार्यक्रमले स्थानीय समस्या पहिचान गरी त्यसको समाधानसँगै आम्दानीको अवसर सृजना गर्न सहयोग पुर्याउने अधिकारीले बताउनुभयो ।

दिगोपनको चुनौती

म्याग्देमा व्यवसाय दर्ताको सङ्ख्या बढ्दै गए पनि व्यवसाय दर्ता गर्नुमात्र सफलताको आधार नभएको गाउँपालिकाले जनाएको छ ।

दर्ता भएका व्यवसायलाई दिगो, नाफामूलक, प्रतिस्पर्धी, गुणस्तरीय, बजारमुखी तथा वातावरणमैत्री बनाउनु अबको चुनौती रहेको आर्थिक विकास शाखा प्रमुख न्यौपानेले बताउनुभयो ।

## गीताको अध्ययन र चिन्तन गर्दै श्रीकृष्ण जन्माष्टमी मनाए जीवन सार्थक हुन्छ

काठमाडौँ । भगवान् श्रीकृष्णको दिव्य र मुख्य सन्देश गीता भएकाले यसको अध्ययन, चिन्तन, मनन् गरी व्यवहारमा उतारे मात्र श्रीकृष्ण जन्माष्टमी पर्व मनाएको सार्थक हुनेमा जोड दिइएको छ ।

निरामयम् योग प्रतिष्ठानले बिहीबार यहाँ आयोजना गरेको श्रीकृष्णजन्माष्टमी महोत्सवमा धार्मिक क्षेत्रका विज्ञले गीताको अध्ययन गरी त्यसलाई जीवनशैलीका रूपमा उतार्न सकेमा मात्र जीवन सार्थक हुने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा स्वामी नीलकण्ठले भगवत् गीता अध्ययन गरी त्यहाँ भनिएका विषयलाई जीवनशैलीका रूपमा नउतार्ने हो भने श्रीकृष्ण जन्माष्टमी पर्व मनाएको सार्थक हुन नसक्ने बताउनुभयो । गीता दर्शनका साधक डा मुरली



अधिकारीले गीताको अध्ययन गरी त्यसलाई दैनिक जीवन र व्यवहारमा उतार्नु नै श्रीकृष्ण जन्माष्टमी पर्वको सार्थकता हुने बताउनुभयो ।

प्रतिष्ठानका अध्यक्ष आचार्य देवेन्द्र घिमिरे र संस्थापक सदस्य सुरेन्द्र ओझालगायतले गीताको ज्ञान, योग, ध्यानलाई प्रवर्द्धन गर्ने उद्देश्यले संस्थाले काम गरिरहेको जानकारी दिनुभयो ।

प्रतिष्ठानले अनलाइन माध्यमबाट दैनिक गीता ज्ञान पाठशालाका माध्यमबाट अध्यापन गराइरहेको पनि उहाँले सुनाउनुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्धारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा–३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०–५२१४३०, ०१०–५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com